# स्थानीय राजपत्र

मेरिङदेन गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ०२) सान्थाक्रा, ताप्लेजुङ, चैत्र १६ गते, २०८२ साल (संख्या २)

## भाग २

## मेरिङदेन गाउँपालिका

मेरिङदेन गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गोठ/भकारो सुधार कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२

खण्ड ०२ संख्या २ स्थानीय राजपत्र भाग २

कार्यपालिका बाट स्विकृत मिति २०८२।१२।१६

प्रमाणीकरण मिति: २०८२।१२।१६

**प्रस्तावनाः**

मेरिङदेन गाउँपालिकाको आर्थिक विकासमा कृषि क्षेत्रको अग्रणि भूमिका रहेको छ । माटोको उर्वराशक्ति कायम गर्दै कृषिक्षेत्रको दिगो विकास गरी खाद्यान्नमा आत्मानिर्भर हुने संभावना प्रवल रहेको छ ।पशुहरुबाट निस्केका मल र पिसावलाई व्यवस्थित गर्नु र गाई/भैसी/बाख्रा/ र सुंगुर को गोठ तथा थलो सुधार गर्नु पशुपालनको एक महत्वपुर्ण पाटो हो । बोट बिरुवालाई आवश्यक खाद्यतत्व प्रयाप्त मात्रामा पूर्ति गर्न प्राङ्गारिक/रासायनिक मलको आवश्यक पर्ने भएकोले रासायनिक मल समयमा उपलब्ध नहुँदा बर्षेनी कृषकहरुले समस्या व्यहोर्नु परेको छ । कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्रांगारिक बस्तुको विकल्प छैन । गाईबस्तुको मलमुत्रमा पाइने खाद्यतत्वलाई बचाउन र गुणस्तर वृद्धि गर्न भकारो सुधार एक महत्वपूर्ण रहेको र गोठ तथा भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपूर्ण योगदान दिनसक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरी रसायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई केही हदसम्म कमगरी पर्यावरण संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले गोठ तथा भकारो सुधार गरी मल व्यवस्थित गर्नको लागि गोठ तथा भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि मेरिङदेन गाँउपालिका निर्माण गरिएको छ ।

परिच्छेद १

**१. सँक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यबिधिको नाम "गोठ/भकारो सुधार कार्यक्रम सम्बन्धी कार्यबिधि, २०८२ रहनेछ।

ख) यो कार्यबिधि मेरिङदेन गाउँपालिका गाउँकार्यपालिकाको बैठकले
स्वीकृत्त भएको मितिबाट प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि मेरिङदेन गाउँपालिका भे लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यपालिका" भन्नाले मेरिङदेन गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ख) "सेवाकेन्द्र" भन्नाले मेरिङदेन गाउँपालिकाको कृषि/पशु सेवा शाखा सम्झनु पर्दछ ।

ग) "वडा" भन्नाले मेरिङदेन गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले मेरिङदेन गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

ङ) "कार्यक्रम" भन्नाले गोठ/भकारो सुधार कार्यक्रम सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले छनौट समिति सम्झनु पर्दछ ।

छ) "कृषक" भन्नाले गाई/भैसी/बाख्रा/सुंगुर पालनमा सम्लग्न व्यक्तिलाई जनाउदछ।

ज) "पशु" भन्नाले गाई/भैसी/बाख्रा/सुंगुर लाई जनाउदछ।

३. कार्यक्रम संचालनको उद्देश्यः

गोठ/भकारो सुधार कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहनेछ ।

क) कृषकहरुले पालन गरेको गाई भैसीको लागी व्यवस्थित गोठ/भकारो निर्माण गरि रोगहरुको न्यूनीकरण,लागत कम र उत्पादन वृद्धी गर्नु ।

ख) गुणस्तरी गोठमोलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने

ग) रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने।

घ) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने।

ङ) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने ।

## परिच्छेद-२

४. अनुदान दिने आधारहरुः

क. गाई वा भैसी कम्तिमा १ माउ हुनपर्नेछ

ख. बाख्रा कम्तिमा १० माउ हुनपर्नेछ ।

ग. बंगुर कम्तिमा ५ माउ हुनुपर्नेछ ।

**५. छनौट समितिः** मेरिङदेन गाउँपालिकामा गठन गरिएको छनौट समिति द्वारा छौनोट कार्य सम्पन्न गरिन्छ ।

छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) योजना शाखा प्रमुख- सदस्य

ग) प्राविधिक शाखा प्रमुख- सदस्य

घ) कृषि विकाश शाखा प्रमुख -सदस्य

ङ) पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

**६. छनौट समितिको काम, कर्तव्य र अधिकारः** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनकको चरण लैजाने

घ) समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

कृष्ण कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

**७. छनौट प्रक्रिया:**

क) रीतपूर्वक पेश हुन आएका आवेदनहरुका आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदन बमोजिम समितिले प्राथमिकीकरण गर्नेछ ।

ख) प्राप्त निवेदन उपर छलफल गरी उपयुक्त लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रकृया

**८. कार्यक्रम संचालन विधि:**

क) आवेदन पेश गर्नको निम्ति सार्वजनिक सूचना ७ दिनको लागि अनुसूची १ अनुसार प्रकाशन गरिनेछ ।

ख) स्थलतग अनुगमन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले लाभग्राही छनौट गर्नेछ ।

ग) छनौट भएका कृषक, फर्म र सहकारी संग सम्झौता गरी कार्यान्वयन गरिनेछ । ।

घ) कार्यक्रम संचालन गरिने वडाहरु: मेरिङदेन गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ।

ङ) कार्यक्रम संचालन गरिने वडा तथा समूह छनौट: गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषक, कृषक समूहले गरेको प्रस्तावको आधारमा छनौट समितिले छनौट गर्नेछ ।

च) न्यूनतम मापदण्ड पुरा हुनुपर्नेछ: गोठ/भकारो सुधार गर्दा पशुका लागि पानि र गहुँत नचुहिने गरी गोठ निर्माण गरिनु पर्ने, गहुँत संकलन ट्यांकीको व्यवस्था हुनुपर्ने र भकारो मलखाद फ्याँक्ने खाडललाई घामपानीबाट जोगाउनका लागि छानाको ब्यबस्था गरेको हुनुपर्ने, गाईवस्तु बस्ने ठाउँमा काउम्याट व्यवस्थापन गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

छ) अनुदान रकमको व्यवस्था: समितिबाट छनौट भएका कृषक, कृषक समूहलाई मूल्यांकन गरी प्रति गोठ/भकारो सुधारका लागि र काउम्याट खरिद तथा वितरणका लागि ५०% सम्म वा बढिमा २५,०००/- अनुदान रकम अथवा सो बराबरको सामाग्री उपलब्ध गराइने छ।

ज) अनुदान रकम प्रवाहको व्यवस्था: भकारो सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित वडाको सिफारिश, निर्माण गरिएको भकारो स्वयं बसेको फोटो तथा विल भरपाई पेश भएपछि मात्र कृषकलाई मेरिङदेन गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ । गोठ/ भकारो सुधार कार्यक्रमको लागि गाउँपालिका कार्यलयबाट ५०% र कृषक ५०% बंराबरको रकम वा जनश्रमदान गर्नुपर्नेछ ।

... कुमार यादव
... प्रशासकीय अधिकृत

झ) कार्वाहीको व्यवस्था: प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

परिच्छेद ४

९.अनुगमन तथा मूल्याङ्कन

क. कार्यक्रम अनुगमनको व्यवस्था: संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्गन गाउँपालिका, वडा कार्यलय, कृषि विकास शाखा, पशु विकास शाखाले गर्नसक्नेछ।

ख. निर्देशन दिन सक्ने: कार्यक्रम सम्बन्धमा मेरिङदेन गाउँपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

ग. बाधा अड्काउ फुकाउने: यस कार्यविधिमा कुने अस्पष्टता एवं दुविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

घ. थपघट र हेरफेर गर्न सक्ने:

यो कार्यविधि कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा संशोधन गर्नसक्नेछ।

यस कार्यविधिको कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्यख्या गर्न सक्नेछ।

१०. अनुदान रकम र भुक्तानी प्रक्रिया:

क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

ख) कार्यसम्पन्न भएपश्चात तपशिलका कागजातहरु गाउँकार्यपालिकाको कार्यालयमा पेश गरे पछि नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिने छ।

तपशिल:

क) बडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटोहरु

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

... कुमार यादव
... प्रशासकीय अधिकृत

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निवेदन

११. भुक्तानी दिन बाध्य नहुने :

(१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

(२) सम्झौतामा उल्लिखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन।

परिच्छेद ५

## विविध

१२. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि वमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१३. बाधा अड्काउ फुकाउ: यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. संशोधन : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-१

## गोठ/भकारो सुधार कार्यक्रम लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

प्रस्तुत बिषयमा यस कार्यालयको आ.व.२०८२/०८३ मा सञ्चालन हुने प्रदेश सरकार सर्शत वित्तिय हस्तान्तरण तर्फको गोठ तथा भकारो सुधारको वार्षिक स्विकृत कार्यक्रम अनुसार मेरिङदेन गाउँपालिका किसानहरुको लागि ५० प्रतिशत लागत साझेदारी अनुदानमा तपशीलका कार्यक्रमहरु सन्चालन हुने भएकोले इच्छुक कृषक, समूह, कृषि सहकारी, कृषि तथा पशु पालन फर्महरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ०७ दिन भित्र सम्बन्धित गाउँपालिकाको पशु सेवा शाखामा तोकिएको ढाँचामा (अनुसूची १) अनुसारको आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

अनुदान दिने आधारहरुः

क. गाई/भैसी कम्तिमा १ माउ हुनपर्नेछ

ख. बाख्रा कम्तिमा १० माउ हुनपर्नेछ ।

ग. बंगुर कम्तिमा ५ माउ हुनुपर्नेछ।

| सि.न | सन्चालन गरिने कार्यक्रमहरु | शाखाको अनुदान रकम | कृषकको अनुदान न्युनतम रकम रु. | जम्मा लगानि रु. |
|---|---|---|---|---|
| १. | गोठ/भकारो सुधार गाई/भैसीमा | | | |
| २. | गोठ/भकारो सुधार बंगुरमा | | | |
| ३. | गोठ/भकारो सुधार बाख्रामा | | | |

आवश्यक कागजातहरुः

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकता र वडाको सिफारिस

४. यदि फर्म दर्ता भएमा दर्ता तथा नविकरणको प्रतिलिपी

५. जग्गाधनी प्रमाण पुर्जा वा लिज - भाडा, ठेक्का, अधियामा भए कम्तिमा ५ वर्षे सम्झौतापत्र ।

प्रमुख प्रशासकीय अधिकृत

मेरिङदेन गाउँपालिका

# अनुसूची-२

गोठ/ भकारो सुधार कार्यक्रम आर्थिक वर्ष.........

मिति:

श्रीमान शाखा प्रमुख ज्यु
पशुपन्छी विकास शाखा
सान्थाक्रा, ताप्लेजुङ

विषय: गोठ/भकारो सुधार कार्यक्रम उपलब्ध गराई पाउँ भन्ने बारे।

महोदय,

उपरोक्त विषयमा यस शाखाको मिति गते प्रकाशित सूचना अनुसार (गाई, भैसी, बाखा र बंगुर) को गोठ तथा भकारो सुधार गर्ने कार्यमा सहयोग पुग्ने आशा राखी आवश्यक कागजात संग्लन गरी अनुदान रकम उपलब्ध गराई दिनु हुन अनुरोध गर्दै यो निवेदन पेश गर्दछु । साथै मैले अनुदान सहयोग रकम प्राप्त गरेमा कार्यालयको नियम अनुसार कार्य गर्नेछु ।

तपशील:

१. अनुसुची २ अनुसारको आवेदन फाराम ।
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकता र वडाको शिफारिस
४. फर्म दर्ता तथा नविकरणको प्रतिलिपी
५. जाग्गाधनी प्रमाण पत्र

निवेदनको नाम:

दस्तखत र छाप:

# अनुसूची- ३

## फार्म /गोठ/भकारो सुधार कार्यक्रम आर्थिक वर्ष............

व्यवसायीक फार्म/कृषकको नामः

ठेगानाः वडा नः गाउँ/टोलः

पशुपालन गरेको स्थानः सम्पर्क नः

व्यवसायीक फार्मकृषकले संचालन गरिने कार्य प्रस्तावित योजना

विवरणः

| क्र.स | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रु. | निजि लगानि | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

विस्तृत विवरणहरुः

कार्यक्रम अनुसार मैले (गाई/भैसी, बाखा, बंगुर, कुखुरा विगत. देखि निरन्तर पाल्दै आईरहेको छु....... जातको माउ.... वर्षमहिना वटा, घासै. जातको कठ्ठामा जगाउनुका साथै ....... कठ्ठामा तरकारी खेति समेत गरिरहेको छु। हाल परिवारमा......... पुरुष र .. महिला रहेको छौ।

निवेदकः

निवेदकको फार्मको नामः

दस्तखतः

छापः

मितिः

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।१२।१६

प्रमाणीकरण मितिः

आज्ञाले,

उदय कुमार यादव

नि.प्रमुख प्रशासकीय अधिकृत

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-४

## (परिच्छेद-३ को दफा ८ को "ख" सँग सम्बन्धित)

### समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा

मेरिङदेन गाउँपालिका पशुपन्छि विकास शाखाको मिति ................को सूचना अनुसार मेरिङदेन गाउँपालिका ...... नं. वडा .................. गाउँ/टोल स्थायी ठेगाना भएका श्री.. ....................... ले लागत साझेदारीमा ................................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजनासँग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको कृषि मन्त्रालय मातहतका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्व-घोषणा गर्दछु। अन्यथा फेला परे कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु।

निवेदकको

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखत :

नाम :

मिति :

संस्थाको छाप :

अनुसूची-५

(परिच्छेद-३ को दफा ८ को "ख" सँग सम्बन्धित)

## लागत साझेदारको प्रतिबद्धता

मेरिङदेन गाउँपालिका पशुपन्छि विकास शाखाको मिति ........................ प्रकाशित सूचना अनुसार मेरिङदेन गाउँपालिका .............. नं. वडा ............. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ...................................... लागत साझेदारीमा ...................................कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु................... को ................... प्रतिशतले हुन आउने रु. .................. अक्षरुपी ........................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

निवेदनको

| दायाँ | बायाँ |
|---|---|
| | |

संस्थाको छाप:

दस्तखत:

नाम:

मिति:

अनुसूची -६

(दफा ८ (ङ) संग सम्बन्धित)

**प्रस्ताव मुल्याङ्कन फारम**

**व्यवसायीक फार्म/कृषकको नामः**

**ठेगानाः** **वडा नः** **गाउँ/टोलः**

**पशुपालन गरेको स्थानः** **सम्पर्क नः**

| क्र.स | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | माउ गाई/भैसी/बाख्रा/सुंगुर संख्या | क) २ वटाको लागि ५<br>ख) ३ वटाका लागि १०<br>ग) ३ वटा भन्दा बढी १५ | |
| २ | व्यावसायिक खेति गरिने जग्गाको क्षेत्रफल | क) १ रोपनी भन्दा कमका लागि ५<br>ख) १ रोपनी भन्दा बढी १० | |
| ३ | सम्बन्धित विषयमा तालिम लिएको | क) ७ दिन भन्दा कम तालिम लिएको -४<br>ख) ७ दिन वा सो भन्दा बढी तालिम लिएको - १० | |
| ४ | अघिल्लो आ.व. मा कुनै कार्यालयवाट अनुदान लिए/नलिएको | क) उल्लिखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको - ५<br>ख) नलिएको - १० | |
| ५ | लक्षित वर्ग | सिमान्तकृत १५, दलित र जनजाति १०, अन्य ५ | |
| ६ | प्रस्तावकको मुख्य पेशा | क) सहायक पेशा भएमा ५<br>ख) ५मुख्य पेशा पशुपालन भएमा १० | |
| ७ | फर्म दर्ता भएको | क) फर्म दर्ता नभएमा-५<br>ख) फर्म दर्ता भएमा-१० | |
| ८ | घाँस खेति गरेको भएमा | क) १रोपनी भन्दा कम-५<br>ख) १ रोपनी भन्दा बढी -१० | |
| ९ | गोठ बनाएको भएमा | क) गोठ भएमा-५<br>ख) गोठ नभएमा-१० | |
| जम्मा | | | |

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-७

(परिच्छेद ३ दफा ८ (ग) संग सम्बन्धित)

### गाई /भैसी/बाख्रा र वंगुर गोठ सुधार कार्यक्रम का लागि सम्झौता पत्रको ढाँचा

**सम्झौता पत्र**

श्री मेरिङदेन गाउँपालिका (पशु सेवा शाखा) (यस पछी पहिलो पक्ष भनिने र ताप्लेजुङ जिल्ला मेरिङदेन गाउँपालिका वडा नं....... स्थित....... ..........................................मा स्थापना भएको श्री .................................... श्री ........................................................................... फर्मका प्रोपाइटर.............................................................(यस पछी पोश्रो पक्ष भनिने) श्री साझेदारी/सहकार्यमा आ.व. .................... को स्वीकृत गाई भैसी गोठ सुधार कार्यक्रम मेरिङदेन गाउँपालिका वडा नं. ..........................मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही सझौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं।

तपसिल :

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. दोस्रो पक्षले स्थापना वा मर्मत सुधार गरेको गोठ/भकारोमा कुल लागत मध्य बढीमा २५०००। (अक्षेरुपी रु पच्चिस हजार रुपयां मात्र) अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ। अनुदान रकम बराबरको रकम व्यवसायी स्वयंले लगानी गरेको प्रष्ट हुने बिल भरपाइ पेश गर्नुपर्नेछ। (कम्तिमा रु ५०,००० बराबरको।

३. खोर गोठ सुधार तथा मर्मतका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ।

४. सम्झौता भएको मितिले ७ दिन भित्र खोर गोठ सुधारको कार्य सुरु गरि सक्नु पर्नेछ। यदि कार्य सुरु नभएमा सम्झौता स्वत रह हुनेछ।

५. दोश्रो पक्षले तोकियको समय भित्र गोठ/भकारो सुधार तथा मर्मतको कार्य सम्पन्न गरि सक्नु पर्नेछ।

६. काम सम्पन्न भएपश्चात दोश्रो पक्षले उल्लिखित कागजातहरु सहित गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरिय अनुगमन प्रतिवेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटोहरु

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निवेदन

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

छनौट भएका व्यवसायीले गर्ने चाहेका मुख्य मुख्य कामहरु

| क्र.स | कामको विवरण | लागत | समपन्न गर्ने मिति |
|---|---|---|---|
| | | | |

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

प्रथम पक्षको तर्फबाट

नाम, थरः

पदः

संस्थाको नाम र छापः

मितिः

दोस्रो पक्षकोतर्फबाट

नाम, थर

पदः

संस्थाको नाम र छापः

मितिः

रहोबर

नाम, थरः

पदः

हस्ताक्षरः

मितिः

कुमार यादव
अधिकृत